
वर्षः६, अंक ९, २०७८ असोज ७ गते बिहीवार 2021 SEP 23 Thursday मूल्यः १० पृष्ठः ८

खबरमञ्च

साप्ताहिक

भ.जि.प्र.का.द.नं. १४२/०७३/०७४

५



४



# ‘स्थानीय सरकारको व्यवहार समान हुनुपर्छ’

निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन) मेचीनगरको अध्यक्षमा दोस्रोपटक पुनः **डम्बर रुचाल** निर्वाचित भएका छन् । हालै धुलावारीमा सम्पन्न प्याब्सन मेचीनगरको दोस्रो अधिवेशनबाट सहमतिय प्रक्रियाबाट नयाँ समिति चयन भएको हो । प्याब्सन मेचीनगरले नयाँ नेतृत्व पाएसँगै अध्यक्ष रुचालसँग अबको योजना, कोरोना भाइरसका कारण शिक्षा क्षेत्रमा परेको प्रभाव, स्थानीय सरकार र निजी शैक्षिक क्षेत्रबीचको सम्बन्धलगायतका विषयमा खबरमञ्च साप्ताहिकका सम्पादक **प्रकाश पौडेल**ले गरेको कुराकानी :



**यदी सम्मानजनक विकल्प दिन राज्य सक्दैन भने संस्थागत स्कूल र सम्बन्धित सरोकारवालाहरुलाई चित्त दुख्ने गरी कुनै पनि तहको सरकारले कार्यक्रम ल्याउनुहुन्न ।**

**स्थानीय सरकारले बुझेर हामीसँग समन्वय गर्दै हिंडेको हुँदा केही प्राविधिक बाधा व्यवधान बाहेक सहकार्य गरेरै हिंड्न खोजेको भन्ने लागेको छ ।**

**संस्थागत विद्यालयहरुलाई अरु बढी सबल र सोसियलाइज्ड गर्दै सामुदायिक विद्यालयहरु पनि हाम्रो दायित्वभित्र छन् भन्ने सन्देश दिएको छ ।**

**डम्बर रुचाल** : अध्यक्ष, प्याब्सन मेचीनगर

**तपाईं प्याब्सन मेचीनगरको अध्यक्षमा पुनः निर्वाचित हुनुभएको छ । यसलाई कसरी लिनुभएको छ ?**

धन्यवाद, प्याब्सन केन्द्रको निर्देशन बमोजिम देशभरका सबै पालिकामा पालिका अधिवेशन, भदौ ३० भित्र सम्पन्न गर्नुपर्ने भयो । सोही बमोजम झापाका १५ वटै पालिकाहरुमा अधिवेशन सम्पन्न भइरहँदा हामीले पनि मेचीनगरमा भदौ ३० गतेनै सम्पन्न गर्ने गरी विस्तारित बैठकबाट निर्णय गरेका थियौं । सबै संस्थापक प्रिन्सिपलहरु, अग्रजहरु र शुभेच्छुक सबैको भूमिकाले मलाई सर्वसम्मत चयन गर्नुभयो । खुशी लाग्यो । हामी निकै बलियो भएका छौं । सांगठानिक जिम्मेवारी अझ बढी थपिएको महसुस गरेको छु ।

**अघिल्लो अधिवेशनमा त निर्वाचननै भएको थियो । अहिले कसरी सर्वसम्मत सम्भव भयो ?**

हो, देश संघीयतामा गएपछि संगठनको पनि संरचना फेरियो । विधानतः पालिका कार्यसमितिको पहिलो अधिवेशनमा सबैको उत्सुकता हुनु स्वाभाविकनै हो । पालिका प्याब्सन अलिक बढी जिम्मेवार हुने र पालिकाको शैक्षिक गतिविधिको एउटा अभिन्न सरोकारवाला संस्था हुने भएपछि प्रतिस्पर्धा हुनुलाई अनौठो मान्नु पनि हुँदैन । अघिल्लो कार्यकालमा संयोजक भएर काम गर्दा मैले जे जती काम गरेँ, जसका कारण ९० प्रतिशत भन्दा बढी संस्थापक प्रिन्सिपलहरुको सेन्टिमेन्टलाई मैले नाघ्न सकिन । अरु साथीहरुले पनि रहर गर्नुभयो । अन्ततः हामी प्रजातान्त्रिक प्रक्रियामा गयौं । यो वर्ष पनि हामी भद्र छलफलमा पटक-पटक बस्यौं । कुनै गुट उपगुट, दलगत राजनिति र आग्रह पूर्वाग्रहभन्दा माथि उठेर सबैले सहज अवस्थामा सर्वसम्मत समिति गठनको पहल गर्नुभयो । जसका कारण हामी सर्वसम्मत समिति चयन गर्न सफल भयौं ।

**प्याब्सन मेचीनगरको आगामी योजना के छ त ?**

पहिलो योजना त प्याब्सनको विधान बमोजिम सांगठानिक गतिविधि जिम्मेवारीपूर्वक निवार्ह गर्नेनै हुन्छ । प्याब्सन केन्द्रले बनाएको सांगठानिक योजना र कार्यक्रमहरु प्रदेश र जिल्ला हुँदै पालिकासम्म आइपुग्छ । पालिकाको जिम्मेवारीमा पर्ने जती सबै कार्यक्रमहरु सम्पन्न गर्ने/गराउनेनै हुन्छ । प्याब्सन पालिकाभित्रका संस्थापक प्रिन्सिपलहरुले भोग्नुपरेका समस्याहरु र विद्यार्थीहरुका प्रगतिसँगै समस्याहरु जिल्ला प्रदेश हुँदै केन्द्रसम्म समन्वय गर्ने/गराउने हुन्छ । प्रगति विवरणहरु तयार गरी केन्द्रसम्म पुर्‍याउने हुन्छ । अरु कामहरु हामीसँग थुप्रै चुनौतिका रुपमा छन् । संस्थागत विद्यालयहरुले ऐन तथा नियमावलीप्रति राखेको विमतीहरुलाई समाधान गर्न/गराउन योजना बनाउनुछ । संस्थागत विद्यालयहरु भौतिक रुपले, प्राविधिक रुपले अरु बढी अपडेट हुनुपर्ने गरीको तालिम, सेमिनार, प्रशिक्षणका कार्यक्रमहरु बनाउनुछ । विद्यालयमा धेरै विद्यार्थी थुपार्नेमात्र अभियान नभई सीमित विद्यार्थी तर, आए जती सबैलाई संस्कारसहितको शिक्षा दिन, गरिखान सक्ने किसिमको शिक्षा दिन, दृष्टिकोण परिवर्तन गर्नसक्ने र चेतनाको विकास गर्नसक्ने वैज्ञानिक र व्यवहारिक शिक्षा दिने कार्यक्रमहरु बनाउनुछ । मेचीनगरको समग्र शैक्षिक गतिविधि यो वा त्यो नभनी समानान्तर रुपले अगाडि बढाउन सक्ने योजना ल्याउनुछ । सबै शैक्षिक संस्थाहरुको बीचमा स्वस्थ र समन्वयात्मक सम्बन्धको विकास गर्दै मेचीनगरलाई आवश्यक साझा जनशक्ति उत्पादन गर्ने साझा योजना ल्याउन आवश्यक छ । संस्थागत र सामुदायिक विद्यालय क्षेत्रभित्रका समस्याहरु वा त्रुटीहरुलाई सच्याउँदै शैक्षिक गतिविधि गर्न सबै सरोकारवालाहरुसँग समन्वय गर्दै काम गर्नुछ । आफू प्याब्सनको नेतृत्व भएपछि खास गरी संस्थागत विद्यालयहरुलाई अरु बढी सबल र सोसियलाइज्ड गर्दै सामुदायिक विद्यालयहरु पनि हाम्रो दायित्वभित्र छन् भन्ने सन्देश पनि दिनुछ ।

गाडी सञ्चालन सम्बन्धी समस्याहरु, जनशक्ति व्यवस्थापनसँग सम्बन्धित समस्याहरु, कर प्रणालीसँग सम्बन्धित समस्याहरुलाई सहज बनाउँदै केही सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न गर्न आवश्यक छ ।

**स्थानीय सरकार र प्याब्सन मेचीनगरबीचको सम्बन्ध कसरी अगाडि बढेको छ ?**

राम्रो प्रश्न उठाउनुभो, पहिलो कुरा त संस्थागत विद्यालयहरु राज्यलेनै स्थापना गरेका सेवामूलक व्यवसाय गर्ने शैक्षिक संस्थाहरु हुन् । त्यसो हुँदा संस्थागत विद्यालयहरु र तिनका सञ्चालकहरुले पुर्‍याएको शैक्षिक योगदान कुनै पनि तहगत सरकारले भुल्नै हुँदैन । राज्यले समेत आफ्नो जिम्मेवारी र सम्पत्तिभित्रनै राख्नुपर्छ । स्थानीय सरकारले संस्थागत विद्यालयहरुलाई पनि आफ्नो पालिकाभित्रको साझा सम्पत्तिनै ठान्नुपर्छ र अभिभावकत्व प्रदान गर्नुपर्छ । मेचीनगर नगर सरकार हाम्रो स्थानीय सरकार हो, संस्थागत विद्यालय र विद्यार्थीहरु अनि त्यहाँभित्र काम गर्ने सबै शिक्षाकर्मीहरु एवं श्रमिकहरुको अभिभावक स्थानीय सरकार हो । हामी यसरी बुझ्छौं । विगतमा जे-जस्तो भए पनि म अध्यक्ष भइकन स्थानीय सरकारले संस्थागत विद्यालयहरुसँग समन्वय गरेरै अगाडि बढिरहेको अवस्था छ । केही रिजर्भेशनहरु अवश्य हुन्छन् । तर, प्याब्सन संस्थागत विद्यालयहरुको जिम्मेवार छाता संगठन हो भन्ने कुरा नगर सरकारले बुझेको छ । मेचीनगरको समग्र शैक्षिक गतिविधिमा प्याब्सन मेचीनगरको महत्वपूर्ण भूमिका छ भन्ने कुरा स्थानीय सरकारले बुझेर हामीसँग समन्वय गर्दै हिंडेको हुँदा केही प्राविधिक बाधा व्यवधान बाहेक सहकार्य गरेरै हिंड्न खोजेको भन्ने लागेको छ ।

**भनेपछि स्थानीय सरकारसँग निजी विद्यालय सञ्चालकहरु पूर्णरुपमा सन्तुष्ट हुनुहुन्छ, हो ?**

त्यस्तो पनि हैन । स्थानीय सरकारमा हाम्रा जनप्रतिनिधिहरु हुनुहुन्छ । जनप्रतिनिधीहरुलाई सामुदायिकको बढी चिन्ता गर्नुपर्ने र कार्यक्रम बनाउनुपर्ने जिम्मेवारी र बाध्यता दुवै छ । जुनबेलामा संस्थागत स्कूल सञ्चालकहरुलाई गार्जेनशिप दिन भूलेको अवस्था पनि पाउँछौं । स्थायी सरकार अन्तर्गतका कर्मचारीहरुलाई निजी विद्यालय सञ्चालकहरुको समस्याका

▶II पेज ५

9 khabarmanch.pmd 2 9/22/2021, 2:03 PM

# हार्दिक बधाई



झापा नेशनल स्कुलका सस्थापक/प्रीन्सिपल **कमल भेट्टवाल** मेचीनगर प्याब्सनको हालै सम्पन्न दोस्रो अधिबेशनबाट गरिमामय कोषध्यक्ष पदमा सर्बसम्मत चयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

साथै, समितिको अध्यक्ष डम्मर रुचाल, उपाध्यक्षमा **बिक्रम क्षेत्री**, सचिबमा **बिनोद प्रधान**, कोषध्यक्षमा **कमल भेट्टवाल** सदस्यहरुमा **नेत्रप्रसाद खतिबडा, प्रतिक उराउ, शान्तिनारो गजमेर, बिजय भट्टराई** र **कमल नेपालल**गायत सम्पूर्ण कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**झापा नेशनल स्कुल**

मेचीनगर नगरपालिका-७ इटाभट्टा (झापा)

## नेपालको संविधानका विशेषता

- ➪सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- ➪नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- ➪संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- ➪धर्म निरपेक्ष राज्यव्यवस्था,
- ➪मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- ➪लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- ➪समावेशिकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- ➪प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- ➪संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- ➪समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हार्दिक बधाई सहित शुभकामना





मेचीनगर प्याब्सनको हालै सम्पन्न दोस्रो अधिबेशनबाट यस बिद्यालयका निर्देशक **डम्बर रुचाल** प्याब्सन मेचीनगरको अध्यक्ष जस्तो गरिमामय पदमा पुन सर्बसम्मत चयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै समितिको उपाध्यक्षमा **बिक्रम क्षेत्री**, सचिबमा **बिनोद प्रधान**, कोषध्यक्षमा **कमल भेट्टवाल** सदस्यहरुमा **नेत्रप्रसाद खतिबडा, प्रतिक उराउ, शान्तिनारो गजमेर, बिजय भट्टराई** र **कमल नेपालल**गायत सम्पूर्ण कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**सहायक निर्देशक** : पदम रुचाल/**प्रीन्सिपल** : रमेश खड्का /**पिटिए उपाध्यक्ष** : मुकुन्द नेपाल **पिटिए** /**अध्यक्ष** : खेम सुव्वा

# ओसियानिक निर्वाणा सेकेण्डरी स्कुल

**मेचीनगर-बोद्धमोड (झापा)**

मुद्रण : हाम्रो प्रकाशन समूह प्रालि। कार्यालय : **मेचीनगर-६, झापा** फोन : ०२३-५६३५९० । (Paudel.swadhin@gmail.com) व्यबस्थापक : **रुपा रिमाल**
**प्रकाशक/सम्पादक : प्रकाश पौडेल (९८५२६६३५९०)**

## सम्पादकीय

# नियन्त्रणमा चुनौति

मानव बेचविखन रोकथाम र नियन्त्रण चुनौति बनेको छ। राम्रो पैसा दिएर काम लगाउने प्रलोभन देखाएर मानव तस्करहरुले नेपाली चेलीहरुको डरलाग्दो व्यापार गरिरहेका छन् । विभिन्न संघसंस्था तथा प्रहरीको सक्रियता बढे पनि नेपाली चेली बेचिने भने क्रम रोकिएको छैन। मानव तस्करहरुले विभिन्न नयाँ योजना बनाएर नेपाली चेलीहरुलाई नाका कटाउने गरेका छन् । चेलीबेटी बेचविखन विरुद्ध हुने गोष्ठी तथा कार्यक्रमले मात्रै अब नियन्त्रण सम्भव देखिदैन। सबै पक्षले नाकामा निगरानी बढाउन जरुरी छ।

चेलीबेटी बेचविखनका लागि पूर्वी नाका काँकरभिट्टा सुरक्षित रहेको माइती नेपालको कार्यालयको तथ्यांकले देखाउँछ। भारतको विभिन्न सहरबाट ठूलो संख्यामा चेलीहरुको उद्धार गरिएको जनाइएको छ। यसले पनि पूर्वी नाका तस्करले प्रयोग गरिरहेका छन् भन्ने कुरा बुझ्न सकिन्छ। मानव तस्करीमा ठूलो गिरोह सक्रिय हुँदा पनि एकजना पनि तस्कर पत्राउ पर्न नसक्नु अचम्मलाग्दो छ। चौविसै घण्टा प्रहरीहरु नाकामा तैनाथ छन्। उति नै संख्यामा मानव बेचविखन नियन्त्रण गर्न खोलिएका संस्था क्रियाशील छन्। तर, यही नाका भएर चेलीलाई भारत पुर्याउनुले सुरक्षा र निगरानीमा गम्भीर कमजोरी देखिन्छ।

वैदेशिक रोजगारीमा जानु महिलाहरुको बाध्यता होला। तर, जानुअघि स्वयम् महिलाले बुझेर जानु पर्ने देखिन्छ। भारतको बाटो भएर वैदेशिक रोजगारीमा महिला जानु अवैधानिक मानिन्छ। त्यसैले जाने महिला आफैंको पनि कमजोरी देखिन्छ। अर्कोतिर बैदेशिक रोजगारी व्यवस्थित गर्न सरकारले कडाइका साथ नीति नियम बनाउनु पर्छ। अनिमात्र रोजगारीको नाममा चेलीहरु बेचिने क्रम रोकिन सक्छ।

# देश बनाउन हामी कहाँनेर सुध्रिनुपर्छ ?



दिवस खनिया

सन् १७७५ तिर एशियाले कुल विश्वको अर्थतन्त्रको ८० प्रतिशत हिस्सा ओगटेको थियो। विश्वको कुल उत्पादनको दुई तिहाइ उत्पादन चीन र भारत एक्लैले गर्थे भने त्यसबखत युरोपको अर्थतन्त्र निकै धरासायी थियो। न त त्यसबेला अमेरिकाको अर्थतन्त्र नै बलियो थियो।

त्यस समयमा एशिया विश्वशक्तिको केन्द्रविन्दुमा थियो। तर सन् १७५० देखि सन् १८५० को बीचमा युरोपेलीहरूले यति द्रुतगतिमा छलाङ्ग मारे कि त्यसपछि विश्व अर्थतन्त्रको साँचो एशियादेखि युरोपको हातमा परिसकेको थियो र त्यसपछि युरोपको एकतर्फी राज चल्न थाल्यो।

सन् १९५० तिर पुग्दा युरोप र अमेरिकाले विश्वको कुल उत्पादनको दुई तिहाइ हिस्सा ओगटेका थिए भने चीनको योगदान जम्मा ५ प्रतिशत थियो। सन् १७५० तिरको एशियाली अर्थतन्त्रलाई नियाल्ने हो भने त्यसबखतको नेपाल पनि बलियो नै भएको पाइन्छ। नेपालको अर्थतन्त्र राणाकालीन समयसम्म पनि बलियो रहेको र राणाकालका शासकहरूले विभिन्न देशहरूलाई आर्थिक, सैन्य अनि खाद्यान्न सहयोग गर्ने गरेको उल्लिखित इतिहास पढ्न पाइन्छ।

तर कसरी सम्भव भयो त एशिया केन्द्रबिन्दु भएको अर्थतन्त्र युरोपतिर ढल्किन ? अनि वर्तमान अर्थतन्त्रको बलियो स्तम्भ त अमेरिका नै हो। युरोप अझै बलियो छ। तर के अब फेरि चीनले गरिरहेको द्रुतगतिको अर्थतन्त्रको प्रगति, त्यस्तै गतिमा लम्किन तम्सिरहेको भारत लगायत एशियन टाइगर उपाधिले चिनिने सिङ्गापुर, दक्षिण कोरिया, मलेसिया र ताइवानले गरेको प्रगतिले फेरि विश्व अर्थतन्त्रको केन्द्र एशिया हुने निश्चित नै छैन र ? एशियाले छलाङ्ग मार्दै गर्दा हात्ती (भारत) र ड्रयागन (चीन) बीचको तरूल (नेपाल) ले भने किन आफ्नो गति लिन सकिरहेको छैन ? के नेपाल सधैं अस्तव्यस्त नै भइरहने हो ? अबको नेपालले समृद्धिको छलाङ्ग मार्न कुन अध्याय अवलम्बन गर्न जरुरी छ ? यी यस्ता प्रश्नहरूमा घोत्लिएर विश्व परिस्थिति नियाल्दै नेपाल अघि बढ्न नितान्त आवश्यक छ।

**अबको अध्याय**

हामीले राणाशासन फाल्यौं, पञ्चायत फाल्यौं, राजतन्त्र फाल्यौं, लोकतन्त्रको पुनर्स्थापना गर्‍यौं र संघीय लोकतान्त्रिक गणतन्त्रमा हामी हिंडिरहेका छौं। तर पनि हामीले सोचे जस्तो उपलब्धि प्राप्त गर्न सकेनौं। यो नै वर्तमान अवस्थाको हाम्रो संघर्षको कथा हो।

धेरै उपलब्धि हामीले प्राप्त पनि गरेका छौं तर के त्यतिकैमा सन्तुष्ट भएर बस्न सक्ने अवस्था छ त ? कि हामी यति नै पाउन योग्य छौं ?

यत्रतत्र अझै नेतादेखि कर्मचारीतन्त्रमा भ्रष्टाचार व्याप्त छ। न्यायालय अनि अख्तियार जस्ता स्वतन्त्र हुनुपर्ने धरोहरहरू दुईचार जनाको गोजीको पत्ता बनेका छन्। प्रशासन पनि सोचे जस्तो विश्वासिलो हुनसकिरहेको छैन र केवल मालिकको रक्षक जस्तो बन्न पुगेको छ।

शिक्षा अनि स्वास्थ्य क्षेत्र व्यापारीकरणले ध्वस्त हुन थालिसके। बिचौलियाको बिगबिगीले यत्रतत्र नियाल्ने हो भने एउटा कर्मशील मानिस मनोबल गिराएर अब नेपालमा केही हुन्न विदेश नै ताक्नुपर्छ भन्ने निर्णयमा पुग्छ।

हाम्रो आफ्नो कुनै भरपर्दो बलियो अर्थतन्त्र छैन। पर्यटन व्यवसाय फस्टाउन सकेको छैन। झण्डै ५० लाख युवायुवतीको अरबको पसिनामा जवानी खर्चिएर कतिले आफ्नो ज्यान गुमाएर पठाएको रेमिटेन्सले देशको अर्थतन्त्र जसोतसो चलेको छ। भन्न त हामी कृषिप्रधान देशका नागरिक भन्छौं तर हाम्रो लगभग ६० प्रतिशत किसानले उत्पादन गरेको खाद्यान्नले चार महीना पनि खान पुग्दैन। ब्रेनड्रेनले देशको भोलिको भविष्यमाथि नै शंका गर्ने अवस्था छ।

एक किसिमले भन्नुपर्दा नेपालमा इमानदार भएर बाँच्न निकै मुश्किल छ किनकि यहाँको वातावरण हामीले यस्तो निर्माण गर्‍यौं कि इमानदार नागरिकलाई पनि कुनै दलदलमा मुछिहाल्न हामी संलग्न हुन्छौं। नत्र कि त्यो नागरिक कसैको दास अनि नोकर बन्नुपर्ने हुन्छ। शायद, यी यस्ता यावत् कुराहरू हामीलाई स्वाभाविक नै लाग्छन्। किनकि यी कुराहरू झेल्दाझेल्दा हाम्रो अब बानी नै परिसक्यो। त्यसैले यस्ता हामीलाई असामान्य लाग्नुपर्ने कुराहरू पनि सामान्य लागिरहेका छन्।

हामी सबैलाई केवल आफ्नै चिन्ता छ। हामी बाहिर खुबै आदर्शका कुरा गर्छौं तर परिआएको खण्डमा आफैं सानासाना स्वार्थका लागि देश छाडिदिन्छौं। हामी देश यस्तो भएन, त्यस्तो भएन त भन्छौं तर आफ्नो कर्तव्य बिर्सन्छौं। हामी देश राम्रो बनाइदिए हुन्थ्यो भन्ने त चाहन्छौं तर आफैं देश बनाउन लागि पर्दैनौं।

हामी नेतृत्व राम्रो भइदेओस् भन्ने चाहन्छौं तर भोट दिने बेलामा भने कहिल्यै केही गर्न नसकेका अनुहारहरूलाई पुनः आशा गर्दै उनीहरूलाई नै प्रतिनिधि चुन्छौं। समस्या नेतृत्व, पद्धतिमा मात्र छैन। समस्या त हामी आम नेपालीमा छ। एकपटक अब हामी सबै सुध्रिनु आवश्यक छ। नत्र समृद्धि हाम्रो मीठो सपना मात्र रहनेछ।

**बलियो अर्थतन्त्र**

कुनै पनि देश समृद्ध बन्न पहिला आफू बलियो हुन नितान्त आवश्यक छ। हामीले आफ्नो कमजोरीमा ध्यान दिएर होइन हाम्रो शक्ति के हो त्यसमा ध्यान दिएर आफू शक्तिशाली बन्नुपर्ने देखिन्छ। हामीले जे जति राष्ट्रवादका गफ हाँके पनि हामी पूर्णरूपमा भारतमाथि परनिर्भर छौं। हाम्रो भू-राजनीतिक अवस्था त हामी बदल्न सक्दैनौं तर फाइदा भने लिन सक्छौं, जसको निमित्त हामीले दृढताका साथ घोत्लिएर खट्नुपर्ने देखिन्छ।

पहिलो कुरा हाम्रो सामर्थ्य वा शक्ति के केमा छ भनी पहिचान गर्नुपर्ने जरूरी देखिन्छ। त्यो जलविद्युत् हुनसक्छ, पर्यटन हुनसक्छ, आधुनिक कृषि प्रणाली, औद्योगिक क्रान्ति वा अन्य कुनै। यी सबै हामीले पहिचान गरेर त्यसमा पूर्णरूपमा लगानी गरी हामीले आफ्नो सामर्थ्य प्राप्त गर्नुपर्छ। जस्तो कि हाम्रा ५० लाख युवा बाहिर छन्, के तिनीहरूलाई आधुनिक कृषितर्फ आकर्षण गर्न सकिंदैन ? त्यसका निमित्त पहिला राज्यले तयारी गर्न जरूरी देखिन्छ।

जब क्युबाली क्रान्तिताका खाद्यसंकट हुन थाल्यो तब त्यहाँको कृषि मन्त्रालयले नै सम्पूर्ण नागरिकलाई जहाँ जे सम्भव छ त्यही रोप्न र कुनै पनि जग्गा बाँझो नराख्न आह्वान गरियो। आफूले मन्त्रालय अघिको जग्गामा नै कृषिकार्य शुरू गर्‍यो। क्युबाले त्यसपछि पाठ सिक्यो र कृषिक्रान्तिमा छलाङ मार्‍यो।

त्यस्तै नेपालमा पनि आवश्यक नीतिहरू ल्याई यदि केही बाधा अड्चन छ्न भने तिनलाई फुकाई आधुनिक कृषिलाई देशको मेरुदण्ड बनाउनुपर्ने देखिन्छ। हामी प्रविधिमा निकै पछि छौं। हामीले यसको भरपूर प्रयोग गर्न जरूरत छ। जस्तो कि नेदरल्यान्डमा १० हजार हेक्टरमा ग्रीनहाउस (ठूलो अपार्टमेन्ट मोडेलको) निर्माण गरी खेती गरिंदोरहेछ।

आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी कुन बिरुवालाई कति मात्रामा के के तत्व चाहिने हो, कति प्रकाश चाहिने हो, कति पानी चाहिने हो, फल राम्रो नराम्रो के कस्तो लाग्यो भनेर मनिटर गरिंदो रहेछ। यसरी नेदरल्यान्डले कृषिजन्य उत्पादन निर्यातमा यूरोपको दोस्रो हिस्सा ओगटेको रहेछ। यसरी के कसरी हुन्छ हामीले इच्छाशक्ति लिएर काम गर्नुपर्ने हुन्छ।

अनि जलविद्युतको विकास तीव्र रूपमा गरी सम्पूर्ण नेपालमा वितरण गर्ने काम सबैभन्दा पहिला गर्नुपर्ने हुन्छ र उत्पादन धेरै गरी विद्युत बेच्न सक्नुपर्छ। जब जलविद्युतको विकास हुन्छ। तब त्यस सँगसँगै प्रविधि पनि भित्र्याउन सजिलो हुन्छ र डिजिटल नेपाल रूपान्तरण गर्न सजिलो भएसँगै माथि उल्लेख गरेजस्तै कृषि, शिक्षा, स्वास्थ्य, यातायात, औद्योगिक क्षेत्रमा आमूल परिवर्तन आउँछ। एक किसिमको विकासको चेन रियाक्सन हुनपुग्छ। तसर्थ, हामीले प्राथमिकतामा के राख्यो भने सजिलो हुन्छ भन्ने पहिचान गर्दै कार्य गर्नुपर्ने देखिन्छ।

**बलिया संस्था अनि शून्य भ्रष्टाचार**

कुनै पनि देश समृद्ध बन्न त्यस देशका संस्थाहरू निकै बलिया हुन आवश्यक छ। बलिया संस्था विना विकसित देशको कल्पना गर्नु मूर्खता हुन जान्छ। संस्था बलियो बनाउन राज्य सञ्चालनमा रहेका नेतृत्ववर्गले उदाहरण प्रस्तुत गर्न नितान्त आवश्यक छ। राज्यव्यवस्थामा इमानदारी, पारदर्शिता, पद्धति र उत्कृष्टतालाई प्राथमिकता दिंदै सुशासन कायम गरी जनतालाई विश्वासमा लिन जरूरी छ।

बलिया संस्थाभित्र राजनीतिक हस्तक्षेप मुक्त अदालत, अख्तियार, संवैधानिक

▶।। पेज ७

## जुवाडे पक्राउ

**दमक ।** प्रहरीले झापाको दमकबाट १७ जना जुवाडेलाई पक्राउ परेको छ। दमक नगरपालिका १ मा कौडा खालमा प्रहरीले छापा मार्दा १७ जना पक्राउ परेका हुन् ।

पक्राउ पर्नेहरूमा झापा भद्रपुर-७ का युवराज न्यौपाने, भद्रपुर-९ का दिलबहादुर राई, बिर्तामोड-१ बस्ने तिर्थ अधिकारी, भद्रपुर-१० बस्ने ठाकुरप्रसाद निरौला, गौरादह-५ बस्ने हरि कोइराला, कमल-४ बस्ने सुबिन्द्र सुब्बा, कन्काई -३ बस्ने मोहन बराल र सुनिल साह, मोरङ ग्रामथान- ४ बस्ने लक्ष्मीप्रसाद अधिकारी, सोही गाउँपालिका ५ बस्ने वर्ष ४२ को नैनकुमार चौधरी, सोही गाउँपालिका ६ बस्ने रुपेश तामाङ, पथरी शनिश्चरे -४ बस्ने बलराम बस्नेत, सोही नगरपालिका १ बस्ने गंगाराम मगर, बेलबारी-११ बस्ने निशान पोखेरल, दमक नगरपालिका-७ बस्ने कर्ण राई र राजन दाहाल र दमक ३ बस्ने विनोद थेबे रहेका छन् ।

उनीहरूको साथबाट १६ थान कौडा र ४ लाख २७ हजार ६ सय रुपैयाँ नगद बरामद गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका सबैलाई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ।

# सदस्यलाई ५० हजारसम्म राहात प्याकेजको घोषणा





**मेचीनगर ।** मेचीनगर - ९ स्थित गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्थाको १३ औ वार्षिक साधारण सभा बुधवार संस्थाको सभाहलमा सम्पन्न भएको छ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत लक्ष्मी प्रसाद उप्रेतीको प्रमुख आतिथ्य रहेको कार्यक्रममा प्रमुख अतिथि उप्रेतीले सदस्य, सञ्चालक,कर्मचारीबीचको एकता र विश्वासले मात्र सहकारी मजबुतहुने बताए। सहकारी सिद्यान्त विश्वमा सर्वमान्य रहेको बताउँदै उनले सञ्चालक समिति र कर्मचारीले आ-आफ्नो भूमिका निर्वाह गरेको खण्डमा उत्कृष्ट सहकारी निर्माणमा समय नलाग्ने बताए।

सहकारी संस्थाका अध्यक्ष दुर्गालाल श्रेष्ठको सभापतित्व रहेको कार्यक्रममा अध्यक्ष श्रेष्ठले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए। २०५६ सालमा ३० जना सेयर सदस्यबाट सुरु भएको सहकारीमा हाल २८ सय ३१ सदस्य संख्या , २ करोड १५ लाख ५३ हजार ४०० रुपैयाँ सेयर पूँजी र १२ करोड ८२ लाख ४२ हजार ९९६ रुपैया ५९ पैसा निक्षेप तथा १० करोड ६० लाख ९९ हजार ९८९ रुपैयाँ ६१ पैसा ऋण लगानी रहेको अध्यक्षको प्रतिवेदनमा उल्लेख छ।

सहकारीले सदस्यहरुको हितलाई ध्यानमा राख्दै सदस्य राहात कार्यक्रम निर्देशीका २०७३ संसोधन २०७७ जारी गर्दै विभिन्न राहात कार्यक्रम समेत कार्यान्वयनमा ल्याएको छ। आफ्ना सदस्यहरुलाई कुनै किसिमको क्यान्सर रोग लागेमा ५० हजार सम्म उपचार सहयोग, सदस्यको मृत्यु भएमा परिवारलाई ५० हजार, मुटु कलेजो, फोक्सो लगायत अप्रेशन बापत रु ३० हजार, मृगौलाको बिरामीलाई डायलासिस तथा दुर्घटना भई गम्भीर किसिमको अप्रेसन गर्नु परेमा रु २५ हजार, टाउको तथा नसा सम्बन्धी रोगको अप्रेसनको लागि रु २० हजार, पित्त थैलिको अप्रेसन गर्नको लागि रु १० हजार लगायत बिभिन्न शिर्षकमा आर्थिक सहयोग गर्ने अध्यक्षको प्रतिवेदनमा उल्लेख गरिएको छ।

कार्यक्रममा सहकारी विभागका अधिकृत डिल्ली दाहाल लगायतको उपस्थिति रहेको थियो। सस्थाकी उपाध्यक्ष रेनुका उप्रती डाँगीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सदस्य राजु धिमालले गरेका थिए।


## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा, (१ नं. प्रदेश नेपाल)

### नदीजन्य पदार्थ उत्खनन सम्बन्धमा

मिति २०७८/६/१

प्रस्तुत विषयमा मेचीनगर नगरपालिका क्षेत्र भएर बग्ने मेची,हडिया निन्दा र टिमाई नदीको नदीजन्य पदार्थ उत्खनन बिक्रि सम्बन्धीको ठेक्का यस कार्यालयबाट लाग्ने पत्रियामा रहेको र नदी खोलाको पानी समेत हाल कम नभइसकेकाल अर्को सुचना जारी नभएसम्मको लागि उक्त नदीहरुबाट नदीजन्य पदार्थ संकलन नर्गन नगराउन सर्वसाधरण सबैलाई जानकारी गराउन र वडाबाट समेत आवश्यक अनुगमन गर्ने व्यवस्था मिलाउन हुन अनुरोध छ।

**खेमराज ओझा**
प्रमुख प्रशासकिय अधिकृत



## मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि.
मेचीनगर-९ धुलाबारी (झपा)

### १४ औं बार्षिक साधारणसभाका लागि प्रतिनिधि छनौट तथा प्रतिवेदन वितरणकार्यक्रको सूचना

यस मेचीनगर बचत तथा ऋण सहकारी सस्था लि. मेचीनगर-९ धुलावारी झापाको आगामी २०७८ असोज १५ गते शुक्रबार हुन गइरहेको १४ औं बार्षिक साधारणसभाका लागि प्रतिनिधि छनौट तथा प्रतिवेदन वितरण कार्यक्रम तपशिल बमोजिमको वडा तथा क्षेत्रहरुको निम्न मिति, समय र स्थानमा गरिने भएको हुँदा सम्पूर्ण सेयर सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रतिनिधि छनोट कार्यक्रम**

| | | | | |
|---|---|---|---|---|
| ४ | मे.न.पा-१०,११,१२,१३,१४,१५ नम्बर वार्डहरु का सदस्यहरु | २०७८/०६/७ बिहिबार | संस्थाको सभाहल, मेचीनगर -०९ | बिहान १०.३० बजे |
| ५ | बुद्धशान्ति गाउँपालिका वार्ड न. -०५ का सदस्यहरु | २०७८/०६/०८ शुक्रबार | संस्थाको सभाहल, मेचीनगर -०९ | बिहान १०.३० बजे |
| ६ | मेचीनगर वार्ड न. १ देखि वार्ड नं. ८ सम्मका सदस्यहरु | २०७८/०६/१० आइतबार | काँकरभिट्टा खानेपानी को सभाहल, मेचीनगर-६ | बिहान ११.०० बजे |
| ७ | बुधबारे सेवा केन्द्र अर्न्तगतका क्षेत्रहरु | २०७८/०६/११ सोमबार | उधोग बाणिज्य संघको हल, बुधबारे झापा | बिहान ११.०० बजे |
| ८ | बिर्तामोड सेवा केन्द्र अर्न्तगतका क्षेत्रहरु | २०७८/०६/१२ मंगलबार | सिके प्रसाई स्मृती प्रतिष्ठान ,माता मन्दिर, अर्जुनधारा-०६ | बिहान ११.०० बजे |

सुझाव पेश गर्ने समय २०७८ असोज १३ गतेसम्म
साधारणसभा २०७८ असोज १५ गते शुक्रबार
व्यवस्थापक : **मानस सिटौला**



## हलेसी मेडिकल हलमा दैनिक विशेषज्ञ सेबा

**डा. पिताम्बर ठाकुर**
वरिष्ठ कन्सलटेन्ट फिजिसियन
प्रत्येक सोमबार र विहिबार दिउँसो १ बजेदेखि

**डा. शशांकराज पोखरेल**
वरिष्ठ टाउको नसा तथा मानसिक रोग विशेषज्ञ
प्रत्येक महिनाको दोस्रो र चौथो शनिबार
समय: दिउँसो १:०० बजेदेखि

**डा. रविन्द्र सिमखडा**
वरिष्ठ मुटु, सुगर, प्रेसर, तथा थाईराइड रोग विशेषज्ञ
काठमाण्डौ गंगालाल मुटु अस्पतालबाट प्रत्येक महिनाको चौथो शनिबार बिहान १०:०० बजेदेखि

**डा. रामबाबु खड्का**
(वरिष्ठ सर्जन) मेची अञ्चल अस्पतालबाट
(जस्तै पाइल्स, पिस्टुला, हर्निया, एपेन्डिस, इस्टोन, हर्सा, गाठागुठी आदि)
प्रत्येक सोमबार दिउँसो १२:३० देखि

**डा. रविन रेग्मी**
वरिष्ठ नवजात शिशु तथा बालरोग विशेषज्ञ
प्रत्येक दिन दिउँसो १:४५ बजेदेखि

**डा. विकास जैशी**
वरिष्ठ कलेजो रोग विशेषज्ञ
काठमाण्डौं विर अस्पतालबाट प्रत्येक महिनाको अन्तिम आइतबार विहान ८ बजेदेखि ११ बजेसम्म

**डा. दिपायन पाण्डे**
छाला, यौन, कुष्ठरोग तथा सौन्दर्य विशेषज्ञ
डेल्फि स्किन हस्पिटलबाट
प्रत्येक विहिबार दिउँसो १:४५ बजेदेखि

**डा. प्रकाश कुमार श्रेष्ठ**
हाडजोर्नी नशा तथा बाथ रोग विशेषज्ञ
प्रत्येक सोमबार र शुक्रबार दिउँसो १:०० बजेदेखि

**डा. आर. पोखरेल**
नाक, कान, घाँटी, तथा पिनास रोग विशेषज्ञ
प्रत्येक शनिबार विहान ९ देखि १० बजेसम्म र मंगलबार दिउँसो १२ देखि १ बजेसम्म

**डा. पोषण रमण त्रिपाठी**
(फेमेली फिजिसियन)
मुटु, पेट, छाती, मृगौला, कलेजो, सुगर, प्रेसर, थाइराइड रोग विशेषज्ञ
प्रत्येक दिन बिहान १० बजेदेखि ११ बजेसम्म
प्रत्येक दिन दिउँसो ३ बजेदेखि ४ बजेसम्म

**डा. दिपेश पोखरेल**
ग्यास्ट्रोइन्टेरोलोजिस्ट (जस्तै ग्यास्ट्रिक, अल्सर, आन्द्रामा घाउ भएको, कवजियत आदि)
प्रत्येक सोमबार दिउँसो ३ बजेदेखि र शुक्रबार दिउँसो १ बजेदेखि

यहाँ २४ सै घण्टा जनरल फिजिसियन, डिजिटल X-RAY, ECG, ल्याब सेवा उपलब्ध छ । साथै फिजियो थेरापी सेवा विहान ८ देखि बेलुकी ६ बजेसम्म उपलब्ध छ ।

## हलेसी मेडिकल हल
धुलावारी बजार सिरान गृहलक्ष्मी सहकारी भवनको भुँइतला
सम्पर्क नं ०२३, ५६१४८६ , ९८४२६३७३७०, ९८०२६३७३७०







# बिकासप्रेमी वडाध्यक्ष नरेन्द्र धिमाल

**धाइजन ।** मेचीनगर वडा नंम्वर १२ ले विकासका गतिविधि तीव्ररुपमा अघि बढाएको छ। स्थानीय सरकार घरघरमा आइपुगेको चार वर्ष पुग्दा वडा नं. १२ ले साना तथा ठूला विकासे योजना सम्पन्न गरेको छ। वडाध्यक्ष नरेन्द्र धिमालको सक्रियताका कारण १२ नम्वर वडाले बिकासमा फड्को मारेको हो।

अन्य बडाको तुलनामा मेचीनगर-१२ बिकासमा पछि परेको बडा हो। साबिक धाइजन गाबिसका केही वडा मिलेर बनेको मेचीनगर नगरपालिका १२ को अधिकांश भु-भाग ग्रामिण क्षेत्र पर्छ। बडाध्यक्ष धिमालले कार्यकाल समाल्नु भन्दा अगाडी समस्याको चाङ थियो।तर अहिले धेरै समस्या समाधान भइसकेका छन्।

यहाँको प्रमुख समस्या बस्ती डुबान थियो। बस्ती डुबानको चपेटामा परेको वडा नं. १२ ले ड्रेन निर्माणलाई प्राथमिकता दिएर काम गर्दा अहिले उक्त समस्या हटेको छ। ड्रेन निर्माणलाई तीब्रता दिँदा बाटोसमेत जोगिएको वडाध्यक्ष नरेन्द्र धिमाल बताए। उनी भन्छरुरु- 'वडाबासीले डुवानको समस्या भोग्दै आएका थिए, तर अहिले यो समस्याबाट मुक्त भएका छन्।'

कुनैबेला सेवा सुविधाबाट बन्चित भएका वडा नं. १२ का वडाबासीले बडाध्यक्ष धिमालको आगमनसँगै विकासको अनुभूति गर्न पाएका छन्। समृद्ध वडा बनाउन कम्मर कसेर लागेका बडाध्यक्ष धिमाल विकास निर्माणका योजनालाई साकार पार्न तल्लीन छन्। ग्रामीण वडा भएकाले विकासे योजनाहरु चाङ लागेर बसेका थिए।

यद्यपि, बडाध्यक्ष धिमालको सक्रियताले विकासमा विस्तारै छलाङ मार्दैछ। वडा सरकारले चार वर्षको



अवधिमा धेरैजसो साना तथा ठूला आयोजना सफलतापूर्वक सम्पन्न गरेको छ भने केही योजना पूरा गर्ने लक्ष्य राखेको छ। संघीय सरकारको ५० लाख लागतमा धाइजन चोकदेखि मेचेगाउँ जाने बाटो कालोपत्रे भएको छ। यस्तै, मेचे गाउँदेखि फाइटर चोकसम्मको साढेसात सय मिटर बाटो पनि कालोपत्रे सम्पन्न भइसकेको छ।

शिक्षा, स्वास्थ्यलगायत क्षेत्रका महत्वपूर्ण योजनाहरु पूरा हुँदै गएका छन्। बडाध्यक्ष धिमाल भन्छन्- 'विकासका थुप्रै योजनाहरु सम्पन्न भएका छन्। अधुरा योजनाहरु पूरा गर्नेगरी हामी लागेका छौं।'

अरुमा जस्तै यस वडालाई पनि बेरोजगारी समस्याले पिरोलेको छ। वडाबासीलाई कसरी स्वरोजगार बनाउने भन्ने चिन्ता आफुलाई रहेको उनले बताए।

बेरोजगारी अन्त्य गरी रोजगारी दिलाउने सीपमूलक कार्यक्रम सञ्चालन गर्ने वडाध्यक्ष धिमालले बताए। त्यसमा पनि महिलाहरुलाई प्राथमिकतामा राखिएको उनको भनाई छ। 'पुरुषको तुलनामा महिलाहरु बढी जिम्मेवार र सक्षम हुन्छन्,' उनले भने- 'महिलालाई सीपयुक्त बनाउन सकियो भने घर व्यवहार पनि टिकाउ हुन्छ।'

विकास निर्माणका काम पारदर्शी र समयमै सम्पन्न गर्दै जाने योजनाका साथ अघि बढेको वडा सरकारले कालीभोडामा रहेको मुढा व्यवसायलाई प्रवर्धन गरेर आम्दानीको स्रोत बढाउन सकिने जनाएको छ। गौरवको आयोजनामा हेरिएको मुढा व्यवसायलाई व्यावसायिक केन्द्रको रुपमा विकास गरिने जनाइएको छ।

# कर्णाली साकोसले दियो लिलाकुमारीलाई उपचार खर्च

**इटाभट्टा ।** कर्णाली बचत तथा ऋण सहकारी संस्था केन्द्रिय कार्यालय बिर्तामोडले आइतवार एक सदस्यलाई उपचार राहात रकम प्रदान गरेको छ। कार्यालयले कोभिड-१९ का कारण बिरामी भई उपचार गराएकी मेचीनगर-७ स्थित इटाभट्टा सेवा केन्द्रकी सदस्य लिलाकुमारी कट्टेललाई उपचार खर्चको ४० प्रतिशत रकम हस्तान्तरण गरेको हो।

कोरोनाको कारण स्वास्थ्यमा गम्भीर समस्यामा पुगेकी कट्टेलको उपचारमा ९ लाख ६७ हजार ७ सय रुपैयाँ खर्च भएको थियो। उक्त उपचार खर्चको ४० प्रतिशतले हुँन आउने रकम रु ३ लाख ८७ हजार १ सय रुपैयाँ संस्थाका अध्यक्ष टसबहादुर श्रेष्ठ र कार्यक्रमका प्रमुख अतिथि प्रदेश सांसद गोपालचन्द्र बुढाथोकीले सदस्य लिला कुमारीका छोरालाई हस्तान्तरण गरेका थिए।

राहात रकम हस्तान्तरण पछि कार्यक्रमलाई संबोधन गर्दै प्रमुख अतिथि बुढाथोकीले जनताले आफ्नो हक अधिकार प्राप्तिका लागि बलिदानी पूर्ण संघर्ष गरेर प्राप्त गरेको नयाँ संविधानले आम नेपाली जनताको हक अधिकारलाई सुनिश्चित गरेको बताए। सांसद बुढाथोकीले सरकारले



सहकारीलाई देशको तीन खम्बे अर्थ नीतिको रुपमा लिएको हुँदा सहकारीले समाजमा रुपान्तरणकारी भूमिका निर्वाह गर्नु पर्ने बताए।

कोभिडको महामारीले जनजिवन अस्तव्यस्त बनेको बताउँदै उनले कोडिलाई सामान्य रुपमा नलिन र सरकारले निर्देशन गरेको स्वास्थ्य सुरक्षा मापदण्डलाई पूर्ण रुपमा पालना गर्न सुझाव दिए। सहकारीले आफ्नो सदस्यको उपचारमा ठूलो आर्थिक सहयोग गरेको भन्दै उनले सहकारी संस्थाले संचालन गरेको यसकिसिमको कार्यक्रमले अभिभावकत्व प्रदान गर्ने बताए।

कार्यक्रममा सहकारी संस्थाका अध्यक्ष श्रेष्ठले जस्तो सुकै परिस्थितिमा पनि आफ्ना सदस्यहरुलाई आर्थिक अभावका कारण उपचार पाँउनबाट बन्चित हुनु नपरोस् भनेर आफुफुहरुले विशेष उपचार कोष संचालन गरेको र सबैलाई सो कोषमा सहभागि बन्न अनुरोध गरे। सहकारीमा सदस्यहरुले पाँचहजार रुपैयाँ उपचार कोषमा जम्मा गर्नुपर्ने र एक वर्ष पछि रु एकहजारले नवीकरण गरेपछि उक्त कोषबाट उपचार राहात पाउने व्यवस्था गरेको सहकारी संस्थाका सचिव भुपाल बस्नेतले बताए।

सहकारी संस्थाकी सञ्चालक सदस्य जानुका ओलीले सहकारी संस्थाले हाल उपचार खर्चको ४० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था गरेको र निस्चित समय पछि १० लाख सम्म उपचार खर्च दिने भएकोले सबै सदस्यहरुले निर्धक्क भएर सदस्यतालिन र राहात प्याकेमा सहभागि हुन अनुरोध गरिन्।

उक्त सहकारीले हाल झापा, इलाम र मोरङमा ३८ वटा सेवाकेन्द्र स्थापना गरिसकेको छ भने ४१ हजार सेयर सदस्य विस्तार गरेको सहकारीले जानाएको छ।

कार्यक्रममा जेष्ठ नागरिक खेमराज अधिकारी, श्याम घिमिर, श्रीप्रसाद सिटौला लगायतले बोलेका थिए। उपाध्यक्ष ईश्वरी प्रसाद खरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव भुपाल बस्नेतले गरेका थिए।

# सरसफाई गरियो

**काँकरभिट्टा ।** रोट्याक्ट क्लब अफ काँकरभिट्टाले मंगलवार सरसफाइ कार्यक्रम गरी अन्तर्राष्ट्रिय शान्ति दिवस मनाएको छ।

यसअघि रक्तदानलगायत विविध सामाजिक कार्यमा सक्रिय रहँदै आएको सो क्लबले सरसफाई कार्यक्रम गरी सो दिवस मनाएको हो।

आयोजक क्लबका अध्यक्ष पुस्कर बस्नेतका अनुसार काँकरभिट्टा बसपार्क क्षेत्रमा सरसफाई र वृक्षारोपण गर्दै फोहोर फ्याँक्ने डस्टविन राखिएको छ।

प्रत्येक वर्ष २१ सेप्टेम्बरका दिन मनाइने अन्तर्राष्ट्रिय शान्ति दिवस मंगलवार विविध कार्यक्रम गरी देशभर मनाइएको छ।

सन् १९८१ मा संयुक्त राष्ट्रसंघ महासभा सुरु भएको दिन पारेर राष्ट्रसंघद्वारा प्रस्ताव पारित गरी राष्ट्रसंघ महासभा सुरु हुने सेप्टेम्बर महिनाको तेस्रो मंगलवारका दिन शान्ति दिवस मनाउने निर्णयअनुसार सन् १९८२ को सेप्टेम्बरमा पहिलो शान्ति दिवस मनाइएको थियो।

9 khabarmanch.pmd 6 9/22/2021, 2:03 PM



## मुम्बइको सडकमा हट नोरा

बलिउड नायिका तथा मोडल नोरा फतेही आफ्नो आकर्षक नृत्यका कारण मात्र नभएर हट अवतारका कारण पनि चर्चामा आउँछिन् । आफ्नो आकर्षक फिगर शो गर्दै नोराले गसिप बजारमा तरंग ल्याएकी हुन्छिन् । दैनिक जीम धाउने नोरा फिटनेशनको मामालामा पनि अब्बल छिन् ।

उनै, नारा हाले मात्र मुम्बइको सडकमा हट अवतारमा देखिएकी छिन् । सेतो रंगको पहिरनमा मुम्बई सडकमा क्यामेराको अगाडि क्लिक भएकी नोराको बोल्ड अवतारले सामाजिक संजालमा हंगामा नै मच्चाएको छ ।

नोराको नयाँ गेटअपलाई उनका फ्यानहरुले रुचाएका छन् । नोरा समय-समयमा आफ्नो नृत्यका कारण पनि दर्शकको मन जित्न सफल छिन् । क्यानाडामा जन्मिएकी नोराले तेलुगु चलचित्र 'टेम्पर'मा आइटम नृत्य गरेपछि चर्चा कमाएकी थिइन् । यस्तै, उनले चलचित्र 'किक २'मा समेत काम गरेकी छिन् ।

नोरा सन् २०१५ मा 'बीग बोस ९'मा सहभागी भएकी थिइन् । यस्तै, उनले 'झलक दिखलाजा' नामक रियालिटी शोमा समेत प्रतिस्पर्धा गरेकी थिइन् । उनले 'दिलबर दिलबर' बोलको गीतमा आइटम नृत्य गरेपछि उनको चर्चा झनै चुलियो ।

## 'घिन्ताङ'को छायांकन सुरु, केकी र गौरवको यस्तो लुक्स



चलचित्र 'घिन्ताङ'को छायांकन सुरु भएको छ । पनौतीबाट यो चलचित्रको छायांकन सुरु गरिएको निर्माता तथा निर्देशक दीपक श्रेष्ठले जानकारी दिए । यो चलचित्रको छायांकन पाँच दिन अगाडि सुरु गरिएको र २० दिनको सेड्यूल राखेर काम अगाडि बढेको निर्देशकको भनाई छ ।

चलचित्रमा नायक गौरव पहारी, नायिका केकी अधिकारी, कलाकारहरु निर शाह, मदनकृष्ण श्रेष्ठ, रमेश अधिकारी, संगम भण्डारी र दीपाश्री निरौलाको मुख्य भूमिका रहनेछ । चलचित्रको छायांकन सुरु भएसँगै कलाकारद्धय गौरव र केकीको पहिलो लुक्स पनि बाहिरिएको छ । चलचित्रमा संकल्प भुजेलको छायांकन, दिपक शर्माको संगीत छ । राज लामाको प्रस्तुतिमा बनिरहेको यो चलचित्रको बजेट ६० लाख रहेको दीपकले जानकारी दिए । ९ बर्षपछि चलचित्र क्षेत्रमा कमब्याक गर्न लागेका दीपकले चलचित्रलाई पृथक कथामा बनाउन लागेको बताए ।

यो चलचित्रको छायांकन वैशाखबाट सुरु गर्ने तयारी गरिताएपनि कोभिडका कारण काम सुरु हुन सकेको थिएन । दीपकले यो चलचित्रलाई आफ्नो महत्वकांक्षी प्रोजेक्ट मानेका छन् ।

**स्थानीय.......**

बारेमा, विद्यार्थीहरुका बारेमा कार्यक्रम बनाउने समयनै मिल्दैन । जतिबेला सन्तुष्टि महसुस गर्ने विषयनै हुँदैन । स्थानीय सरकारले शिक्षाकर्मी र श्रमजिवी शिक्षक कर्मचारीहरुको सामाजिक सुरक्षाका बारेमा कार्यक्रम ल्याउने सहमति जुटाउने सक्दैन वा भनौ उदासिन देखिन्छ । यस्ता धेरै असन्तुष्टिहरु छन् । तर, पनि समन्वय गर्ने कुरामा जे राम्रो भइरहेको छ, त्यो त भुल्नुहुन्न भन्ने कुरा मात्र हो ।

**स्थानीय सरकारले निजी शैक्षिक संस्थाहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ ?**

धेरै कुरा त मैले अघि पनि प्रकाश पारेँ । निजी शैक्षिक संस्थाहरु भन्ने बित्तिकै फराकिलो रुपले बुझ्न जरुरी छ । संस्था, संस्थाका लगानीकर्ता, श्रमजिवी संस्थापक प्रिन्सिपलहरु, शिक्षक कर्मचारीहरु, विद्यार्थीहरु सबै सरकारको दायित्व भित्रपर्ने सम्पत्ति नै हुन् भनेर बुझ्न जरुरी छ । यी सबै कुरामा नकारात्मक नभए पनि अरु बढी सकारात्मक भएको चाहिँ महसुस हुनेगरी देखिन आवश्यक छ ।

**कोभिडबाट शैक्षिक क्षेत्रमा परेको असरलाई सुधारोन्मुख गर्न प्याब्सन मेचीनगरले कस्तो भूमिका निर्वाह गर्ला ?**

कोभिडले शैक्षिक क्षेत्रलाई असर पारेको दुईवर्ष भयो । शैक्षिक सत्र २०७६/०७७ त प्रभावित भयोनै, अब आउने वर्षहरु समेत बिग्रनु हुन्न भनेर प्याब्सन मेचीनगर गम्भीर छ । स्कूलहरु भौतिक रुपले प्रभावित छन्, विद्यार्थीहरु सबै किसिमले प्रभावित छन् । श्रमजीवि शिक्षाकर्मीहरु पीडित छन् । अभिभावकहरु चिन्तित भएको अवस्था छ । लगानीकर्ताहरुको बेहाल छ । यो अवस्थामा प्याब्सनले धेरै ठूलो भूमिका त खेल्न कति सक्छ ? तर, पनि सरकार र राज्यसँग समन्वय गर्दै कोभिडलाई टेरोराइज नगरी विद्यार्थीहरुको सिकाईलाई निरन्तरता दिने भरपर्दो योजना बनाउन भूमिका खेल्नेछ । स्कूलहरुमा सुरक्षित र भरपर्दो शैक्षिक गतिविधि गर्न र गराउन सहयोग गर्नेछ । अभिभावक र विद्यार्थीहरुलाइ मनोपरामर्श दिने अभियान चलाउन भूमिका खेल्नेछ । अनावश्यक हल्ला गरी द्धन्द्ध मच्चाउने गतिविधिहरुलाई निरुत्साहित गर्न भूमिका खेल्नेछ । थलिएका स्कूलहरु खास गरी संस्थागत स्कूलहरुलाई सुधार गर्न आवश्यक बैंक तथा वित्तीय संस्थाको सहयोग जरुरी छ । स्थानीय सरकारको ध्यानाकर्षणलगायतका विषयमा पहल गरिनेछ । शैक्षिक संस्था सञ्चालन गर्ने र गराउन सबै सरोकारवालाहरुलाई उच्च मनोबल राखी संस्था सञ्चालन गर्न प्रेरित गर्दै अगाडि बढ्ने सोच छ ।

**निजी शैक्षिक संस्थाहरुले अत्याधिक शुल्क लिने गरेका छन्, यसलाई कसरी समन्वय गर्नुहुन्छ ?**

अत्यन्त राम्रो प्रश्न, निजी शैक्षिक संस्था भन्ने बित्तिकै निजी लगानी गरेर सञ्चालन गरेको शैक्षिक संस्था हो । निजी शैक्षिक संस्थामा दिईने सबै प्रकारका सेवाहरु विद्यालय पिच्छे फरक हुन्छन् । पाठ्यक्रमलाई विविधिकरण गर्दै सेवा व्यवस्थापन गर्दा विद्यालयहरुका स्तर अनुसार, तह अनुसार र क्षमता अनुसार फरक हुन्छनै । यसरी आफ्नो लगानी अनुसार र अभिभावकको माग अनुसार सेवा प्रवाह गर्न, खर्चका आधारमा बजेट बनाउनुपर्ने हुन्छ । कसले पढाउन सक्ने र कस्ले पढाउन नसक्ने भन्दा पनि सेवा प्रवाह गर्दा खर्च कति हुन्छ र कति बजेटले सफल शैक्षिक गतिविधि गर्न सकिन्छ ? भनेर शुल्क निर्धारण हुन्छ । बजेट बनाउँदा शिक्षा नियमावलीको प्रावधान र सेन्ट्रल कमिटिले दिएको मोडेल अनि कम्पनी नियमावलीको प्रावधान बमोजिम निजी स्कूल सञ्चालनको बजेट बन्छ । यो बेलामा निजी स्कूलका बजेट सबै अभिभावकको क्षमताले भ्याउने किसिमको हुन्छ भन्ने हुँदैन । त्यसैले प्याब्सन मेचीनगरको तर्फबाट म के भन्छु भने निजी स्कूलको सेवा किनेर आफ्ना सन्तानलाई शिक्षा दिन सक्नुहुन्छ भने अभिभावकले निजी स्कूल पढाउनुस्, हैन भने जहाँ शुल्क पटक्कै नलाग्ने शैक्षिक संस्था छन् त्यहाँ पढाउनुस् । निजी स्कूलको शुल्कका विषयमा प्रश्न उठाउन उपयुक्त हुन्न भन्ने लाग्छ । एउटा काम अवश्य गर्न सकिन्छ, त्यो के हो त भन्दा आम अभिभावकहरुले निजी स्कूलको बजेटिङमा सहभागी भएर शुल्क निर्धारणमा सहयोग गर्ने र स्कूल सञ्चालक वा व्यवस्थापकले आफूले दिने सेवाहरुको योजना र लाग्ने खर्च व्यक्तिगत वा सामूहिक रुपमा सेयर गर्ने तर, व्यवस्थापकको शैक्षिक योजना भने नियन्त्रण नहुने गरी सहभागी भएर शुल्क निर्धारण गर्ने । त्यसो हुँदा निजी स्कूलहरुले किन शुल्क लिन्छन् थाहा हुन्छ । किन बेग्ला-बेग्लै हुन्छ त्यो पनि थाहा हुन्छ । किन बढी र घटी हुन्छ त्यो पनि थाहा हुन्छ । वार्षिक रु. १,००,०००। कर तीर्ने आधारभूत स्कूलको शुल्क भन्दा वार्षिक रु. २,००,०००। कर तीर्ने मा.वि स्कूलको शुल्क अलिक बढी हुन्छनै । ४० हजारसम्म तलब सुविधा दिनुपर्ने स्कूलमा भन्दा १५ हजारसम्म मात्र तलब दिनुपर्ने स्कूलको शुल्क कम हुन्छनै । त्यसैले स्कूल र अभिभावकबीच एक आपसमा सम्झौता गरी आवश्यक सेवा लिने र दिने गर्नुनै उपयुक्त हुन्छ । निजी स्कूल, जसले आफ्नो बजेट अनुसार दिने छात्रवृत्ति सुविधा बाहेक क्षमता नहुनेका लागि खोलिएको हो भनेर बुझ्नुनै हुँदैन ।

**स्थानीय सरकारले ल्याउने शैक्षिक कार्यक्रममा संस्थागत र सामुदायिकबीच विभेद छ भन्ने सुनिन्छ नि ?**

अवश्य पनि विभेद छ । मेरो घर सपार्दै गर्दा छिमेकीलाई असर पारेर सपार्दा के हुन्छ ? छिमेकीलाई मन दुखाएर सपार्दा के हुन्छ ? काम र क्षमताले प्रभाव पार्नु अलग कुरा हो । संस्थागत स्कूलहरु कसैको रहरले मात्र खोलिएका होइनन् । राज्यले व्यवस्था गर्‍यो, राज्यलेनै संरक्षण गर्नुपर्छ । यदी राज्यले स्वीकार गर्दैन भने सम्मानजनक विकल्पसहित रुपान्तरण गर्नुपर्छ । यदी सम्मानजनक विकल्प दिन राज्य सक्दैन भने संस्थागत स्कूल र सम्बन्धित सरोकारवालाहरुलाई चित्त दुख्ने गरी कुनै पनि तहको सरकारले कार्यक्रम ल्याउनुहुन्न । संस्थागत विद्यालयमा नर्सरी देखिनै पूर्ण छात्रवृत्ति पाएर कक्षा १० सकेको निम्न वर्गीय परिवारको सन्तानले उच्च शिक्षामा छात्रवृत्ति माग्दा तँ निजी स्कूल गइस्, पढिस्, सुविधा पाउँदैनस् भन्छ सरकार र राज्य । यो मिल्ने विषय हो ? अवश्य होइन ।

पहुँच भए उसले मुद्दा हाल्नसक्छ कि संविधानमा नभएको व्यवस्था लागू गरेर आफ्नै नागरिकमाथि विभेद गरेको छ भनेर । शैक्षिक संस्था सुधार गर्ने के ले हो त भन्दा, क्षमताले हो, लगानी गरेर हो, राम्रो सेवा प्रवाह गरेर हो, जाँगर चलाएर हो तर, निजी स्कूल पढे जागिर पाउँदिनस्, यो सुविधा पाउँदिनस्, त्यो सुविधा पाउँदिनस् भनेर गैरजिम्मेवार कुरा गरेर होइन । विभेदकारी कार्यक्रम बनाएर होइन । निजी स्कूलका विद्यार्थीहरुका लागि सरकारले विभेदकारी कार्यक्रम बनाएकै हो । निजी स्कूलहरुलाई अपमान गर्नेगरी सरकारले कार्यक्रम ल्याएकै हो, संस्थागत स्कूलहरुमा क्रियाशिल श्रमजीवि शिक्षाकर्मीहरुको सामाजिक सुरक्षा हुने किसिमको कार्यक्रम ल्याउन सरकार उदासिन भएकै हो । यसमा स्थानीय सरकार समेत नीतिगत रुपले चुकेकै हो, कानूनी रुपले चुकेकै हो । तर, अपवित्र प्रवृत्ति र स्वभावले जतिसुकै विभेदकारी कार्यक्रम ल्याए पनि कुनै सरकार सफल हुने देखिँदैन । एक त सरकारले मुद्दा खेप्नुपर्छ । विद्यार्थीले कानूनी उपचार खाज्नुपर्ने दिन आउँछ । शिक्षा लिने र दिने काम पवित्र कार्यक्रमसहित क्षमता, जाँगर, सद्भाव र सहकार्यबाट मात्र दिगो रुपमा सफल हुन्छ । त्यो स्वस्थ पनि हुन्छ ।

**तपाई निजी क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ? पृष्ठभूमि बताइदिनुस् न ।**

यो पनि एउटा महत्वपूर्ण प्रश्न नै हो । जब मैले एस.एल.सि पूरा गरेँ, उच्च शिक्षा लिनका लागि मैले जागिर खानुपर्थ्यो । किनकी मेरो पारिवारिक अवस्था मलाई पढाउन सक्ने अवस्थामा नै थिएन । त्यसैले केही सरकारी स्कूलहरुमा मैले जागिरको पहल गरेँ, खासगरी हेड सरहरुको पहलमा । जब मलाई जागिर नमिल्ने भएपछि उच्च शिक्षा पढ्न विभिन्न सरोकारवाला संघ संस्थाहरुसँग छात्रवृत्तिको सहयोग मागेँ । सहयोग पनि नपाएपछि निजी स्कूलमा जागिर खानुपर्ने भयो । जागिर सुरु भयो, जागिरकै सिलसिलामा मेरो दाइ र म भएर सरकारी स्वामित्वको प्रा.वि स्कूल खोल्ने अनुमति माग्यौं । झापा र इलामको सीमानामा पर्ने इलामको फेदी खार खोलामा सेवा गर्न खोज्दा राज्यले बुझेन । हामीलाई राज्यले अवसर नदिए पछि म यो क्षेत्रमा नियमित रुपमा व्यावसायिक सेवा गर्ने अवस्थामा पुगेँ ।

# चारआली–धाइजन सडक फराकिलो पारिने



**चारआली ।** मेचीनगर नगरपालिकाको पहलमा मेची राजमार्ग अन्तर्गत नगरको प्रमुख व्यापारिक केन्द्र चारआली खण्डमा 'रियाभ रि-कन्सट्रक्सन' को काम सुरु भएको छ ।

मंगलबार नगर प्रमुख विमल आचार्य तथा उपप्रमुख मीना पोखरेल उप्रेतीले संयुक्त रुपमा निर्माण कार्य सुरु भएको जानकारी गराए ।

नगरपालिकाले निर्माणस्थलमा रहेका विद्युत तथा टेलिफोनका तार, खानेपानी विस्तारका लागि विछ्याइएका पाइपसहित रुख र विभिन्न बिरुवाहरुको व्यवस्थापन गरेर निर्माण स्थल खाली गरे लगत्तै डिभिजन सडक कार्यालय दमक झापाले निर्माणको काम सुरु गरेको हो ।

पूर्व पश्चिम लोकमार्गदेखि ८२ फिट छाडेर चारआली उत्तरतर्फ ५ सय ३५ मिटरसम्म 'रियाभ रिकन्सटूक्सन'को काम हुने डिभिजन सडक कार्यालय दमक झापाका इञ्जिनियर अनुप साउदेनले जानकारी दिए । २० मिटरसम्म कालोपत्रे चौडाइ र डेढ मिटर दुई साइडमा नाला हुने उनको भनाई छ ।

२०७८ जेठ ६ गते निर्माण कम्पनी समता कन्सट्रक्सन कम्पनी प्रालि बिर्तामोड झापासँग असार मसान्तसम्म्मा काम सक्ने सम्झौता भएपनि कोभिड-१९ लगायत अन्य कारणले समयमै निर्माण शुरु गर्न नसकेपछि अहिले समयअवधि थप गरेर निर्माण कार्य शुरु गरिएको समता कन्सटूक्सन कम्पनी प्रालि बिर्तामोड झापाका प्रवन्ध निर्देशक मनोज उप्रेतीले जानकारी दिए ।

उपप्रमुख उप्रेतीले योजना सम्पन्न गर्न गुणस्तरमा ध्यान दिन निर्माण पक्षलाई सुझाव दिइन् । यसले ढल व्यवस्थापनमा पनि मद्धत पुग्ने छ । उनले सडक विस्तार भएपनि सवारीका साधन समेत अव्यवस्थित नहुने र अहिले अव्यवस्थितरुपमा रहेका विद्युत तथा टेलिफोनका तारहरु समेत व्यवस्थित हुने बताइन् ।

समयमै निर्माण कार्य सम्पन्न गर्न तथा निर्माण कार्यलाई सहज बनाएर निर्माण कम्पनीसँग समन्वय गर्न सुदर्शन बरालको अध्यक्षतामा ११ सदस्यीय र 'रियाभ रि-कन्सट्रक्सन' उपभोक्ता समिति निर्माण गरिएको कार्यवहाक अध्यक्ष सन्तोष न्यौपानेले बताए ।

# प्याब्सन मेचीनगर अध्यक्षमा डम्बर रुचाल



**मेचीनगर ।** प्याब्सन मेचीनगरको अध्यक्षमा पुन : डम्बर रुचाल सर्वसम्मत चयन भएका छन् ।

धुलाबारीमा बुधबार सम्पन्न दोस्रो अधिवेशनले रुचाललाई अध्यक्षमा चयन गरेको हो ।

समितिको उपाध्यक्षमा विक्रम क्षेत्री, सचिवमा विनोद प्रधान, कोषाध्यक्षमा कमल भेटवाल चयन भएका छन् ।

त्यसैगरी समितिको सदस्यहरुमा नेत्रप्रसाद खतिवडा, प्रतिक उराउ, शान्तिनारो गजमेर बिजय भट्टराई र कमल नेपाल चयन भएका छन् ।

मेचीनगर अध्यक्ष डम्बर रुचालको सभापतित्व तथा जिल्ला उपाध्यक्ष अजयआले मगरको प्रमुख आतिथ्य रहेको कार्यक्रममा जिल्ला सदस्य विष्णु रिमाल, भोजबहादुर कार्कीलगायतको लगायतले शुभकामना व्यक्त गरेका थिए ।

उपाध्यक्ष विक्रम क्षेत्रीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव बिनोद प्रधानले गरेका थिए ।

## देश .....

मुलुक नियाल्नुहोस् कुनै पनि देशको शिक्षा र स्वास्थ्य क्षेत्र अब्बल नभइकन ती कुनै पनि मुलुक विकसित भएको पाउनुहुन्न । त्यस्ता विकसित मुलुकहरूमा भ्रष्टाचार निकै न्यून हुन्छ, राज्य सञ्चालकहरूमा इमानदारी र नैतिकता अटेसमटेस भएर भरिएको हुन्छ । पद्धति अनि पारदर्शिता कायम भएको हुन्छ र त्यस्ता मुलुकहरूले कामदार अरूको देशमा पठाउँदैनन् । बरू विश्वका विभिन्न देशका दक्ष जनशक्ति आयात गर्छन् ।

विश्वमा त्यस्ता समृद्ध देशहरू विरलै होलान् जसले आफ्नो जनशक्ति बेचिकन देशमा समृद्धि हासिल गरेका होलान् र विकसित मुलुकहरूमा देशलाई चिनाउने संस्थाहरू निकै नै बलिया हुन्छन् । यी माथिका विकसित देशका पहिचानहरू हुन अब एकपटक नेपाललाई नियालौं । हामी कुन धरातलमा छौं छर्लङ्ग नै हुन्छ। हामीले राज्यलाई प्रतिनिधित्व गर्ने संघसंस्थाबाट राजनीति निकालेर एउटा असल पद्धतिको थालनी गरी मेरिटोक्रेसीलाई प्राथमिकता दिइनु आजको अपरिहार्यता नै हो र जसको अरु कुनै विकल्प छैन ।

नेपालको स्वास्थ्य र शिक्षा क्षेत्रमा व्यापार भइरहेको छ । राज्य र त्यसका माफियाहरू मूकदर्शक बनेर बसिरहेका छन् । एउटा सामान्य परिवारका छोराछोरीले सरकारी स्कूलबाट गुणस्तरीय शिक्षा प्राप्त गर्न निकै मुश्किल छ । यदि गरिहाले पनि निजी स्कूलका विद्यार्थीसँग प्रस्तिस्पर्धा गर्न सक्ने अवस्था छैन । साइन्स, म्यानेजमेन्ट, मानविकी अनि कानून जस्ता संकायमा +२ गर्न सामान्य परिवारको छोराछोरीलाई मुश्किल छ । किनकि यी विषयहरू न्यून शुल्कमा सरकारी कलेजमा पढाइ नै हुँदैनन् वा त्यति सरकारी नै छैनन् भनौं ।

उनीहरूको धेरै समय पुस्तक र कक्षाकोठा भन्दा बाहिर बितिरहेको हुन्छ । के अबको विद्यार्थी राजनीतिको मोड त्यही हो त ? अबको विकल्पको रूपमा यी विद्यार्थी संगठनहरू पूर्णरूपमा खारेज गर्दै एउटा मात्र स्वतन्त्र विद्यार्थी युनियन कायम गरिनुपर्छ र विद्यार्थीले समग्ररूपमा यसमार्फत नै नेतृत्व विकास गर्न सिक्नेछन् र नेता पनि यसबाट नै उत्पादन हुनेछन् । फेरि नेता त कुनै परिस्थिति र आन्दोलनले पनि त निर्माण गर्ने होला ।

तिनीहरूको क्षमतालाई देशको राजनीतिक संयन्त्रले पचाएन र नातावाद, कृपावाद र लम्पसारवादले प्रश्रय पाउँदा उनीहरूलाई देशले अवमूल्यन गरिरह्यो । भनिन्छ नि नोकर जन्माउन ल्याएको शासन व्यवस्थाले कहिल्यै मालिक जन्माउँदैन । त्यस्तै संसदीय व्यवस्था पनि नोकर जन्माउने कारखाना बन्न पुगेको छ । अब संसदीय व्यवस्थाले नेपाललाई पार नलगाउने समयक्रमले पुष्टि गरिसकेको छ ।

अबको राजनीतिक स्कुलिङले राजनीतिक कार्यकर्तालाई भेडापन होइन कि विना पूर्वाग्रह विचारको बहस गरी भिजन सहितको सहीलाई सही अनि गलतलाई गलत भन्ने सामाजिक चेतसहितको व्यवहार सिकाउने हुनुपर्छ । नेपाली राजनीतिमा इमानदारी, नैतिकता, कर्तव्यपरायणता, पद्धति, पारदर्शिता, दूरदर्शिता, उत्कृष्टता अनि जनताको मानमर्यादा कायम गर्दै जनतालाई नै प्राथमिकतामा राख्ने लोककल्याणकारी राज्यव्यवस्था अवलम्बन गरिनुपर्ने आजको आवश्यकता बनिसकेको छ, नत्र समृद्ध नेपाल मीठो स्वैरकल्पना मात्र हुनेछ।

**अन्त्यमा,**

जसरी लि क्वान युनले सिङ्गापुरलाई सजाए त्यही दृढताका साथ नेपालले आयाम ग्रहण गर्नुपर्न देखिन्छ । त्यतिबेला सिङ्गापुरसँग न आफ्नै सुरक्षा सेना थियो, न राम्रो अर्थतन्त्र नै । न त प्राकृतिक स्रोत र साधनले नै सम्पन्न थियो । न ९० प्रतिशत जनतासँग घर नै थिए तर पनि लिको नेतृत्वमा त्यस्तो दयनीय देशले त कायापलट फेर्दै विश्व अर्थतन्त्रलाई आकर्षण गर्न सक्यो भने नेपालले नसक्ने त कुरै छैन ।

तसर्थ, नेपाली पनि दुई ठूला राष्ट्रहरूबीच अवस्थित छ र दुवैको जनसंख्या विश्वको कुल जनसंख्याको लगभग आधा हिस्सा हुन आउँछ । अब दक्षिणतिरका नाका मात्र होइन, उत्तरतिरका नाकाहरू नि धमाधम खोलिनुपर्छ र सडकमार्ग, रेलमार्गबाट तुरुन्त जोडिनुपर्छ । जसले धेरै सम्भावनाहरूका निमित्त ढोकाहरू खोलिदिन सक्छ । यसले गर्दा उत्पादित वस्तुहरूले चीन अनि भारतको ठूलो बजारमा फाइदा लिन सकून । यसबाट नेपाललाई प्रत्यक्ष अनि अप्रत्यक्ष दुवै रूपमा फाइदा नै हुनेछ ।

नेपालमा हुन नसक्ने भनेको केही छैन तर जरुरत छ त असल नेतृत्वको, असल राजनीतिक पद्धतिको, उपयुक्त वातावरणको अनि चेतना, दक्षता, उत्कृष्टताले युक्त नागरिकको । आशा गरौं- सुनौला दिनहरू उषाका किरणहरूसँगै उदाउनेछन् ।

जनहितमा जारी सूचना
- आफ्नो वडालाई सधै सफा र हरियाली राखौं ।
- समयमै कर तिरेर असल नागरिकको परिचय दिउँ ।
- कोरोनाबाट आफु बाँचौ अरुलाई पनि बचाँउ ।
- सार्बजनिक स्थलमा जतातत्तै फोहोर मैला नफालौं ।

मेचीनगर नगरपालिका
४ नम्वर वडा कार्यालय

जनहितमा जारी सूचना
- आफ्नो वडालाई सधै सफा र हरियाली राखौं ।
- समयमै कर तिरेर असल नागरिकको परिचय दिउँ ।
- कोरोनाबाट आफु बाँचौ अरुलाई पनि बचाँउ ।
- सार्बजनिक स्थलमा जतातत्तै फोहोर मैला नफालौं ।

मेचीनगर नगरपालिका
२ नम्वर वडा कार्यालय

जनहितमा जारी सूचना
- आफ्नो वडालाई सधै सफा र हरियाली राखौं ।
- समयमै कर तिरेर असल नागरिकको परिचय दिउँ ।
- कोरोनाबाट आफु बाँचौ अरुलाई पनि बचाँउ ।
- सार्बजनिक स्थलमा जतातत्तै फोहोर मैला नफालौं ।

मेचीनगर नगरपालिका
५ नम्वर वडा कार्यालय

# कांग्रेस क्षेत्रिय ‘क’ सभापतिमा बुढाथोकीको उम्मेद्वारी घोषणा

**इटाभट्टा ।** सत्तारुढ दल नेपाली कांग्रेस यतिबेला पार्टीको आन्तरिक निर्वाचनमा व्यस्त छ । १४ औं महाधिवेशनका लागि पार्टीको वडा तहबाट कांग्रेसले निर्वाचन सुरु गरेको हो । पार्टीभित्र प्रतिस्पर्धी क्षमताको विकासका लागि पनि आन्तरिक निर्वाचनले महत्वपूर्ण भूमिका खेल्छ ।

वडा तहको निर्वाचन सम्पन्न भइसकेको छ । नगर र क्षेत्रको निर्वाचन संघारमा छ । यसका लागि कांग्रेसीजन उमेद्वारी घोषणा र चुनावी प्रचारमा लागिरहेका छन् । पार्टीभित्र युवा पुस्ताको पकड हुनुपर्छ भन्ने मान्यताका आधारमा धमाधम उमेद्वारी घोषणा भइरहेका छन् ।

यसैक्रममा झापा क्षेत्र नम्वर १ को प्रदेश क्षेत्र ‘क’ को सभापतिका लागि नेपाली काँग्रेसका सक्रिय नेता हरि बुढाथोकीले उम्मेद्वारी घोषणा गरेका छन् । खबरमञ्च साप्ताहिकसँग कुराकानी गर्दै बुढाथोकीले झापा क्षेत्र नम्वर १ को प्रदेश क्षेत्र ‘क’ को सभापतिमा उम्मेद्वारी दिने घोषणा गरेका हुन् । २०४४ सालमा नेपाल बिद्यार्थी संघ महेन्द्र मोरङ क्याम्पस समितिबाट राजनिति सुरु गरेका बुढाथोकीले सफलता पूर्वक जिम्मेवारी निर्वाह गरेका थिए । बुढाथोकीसँग नेपाली काँग्रेसको १० औं र ११ औं अधिवेशनबाट पुन क्षेत्रिय सदस्य निर्बाचित, १२ औं र १३ औं अधिवेशनबाट दुई पटक नै क्षेत्रिय



सचिबमा निर्बाचित भई कुशलतापूर्वक जिम्मेवारी पुरा गरेको अनुभब छ । लामो समय क्षेत्रिय समितिमा गरेको कामको आधारमा पनि आफु क्षेत्रिय समिति नेतृत्वको दावी गरेको उनले बताए । एकृकित तथा एकठिक्का काँग्रेसको परिकल्पनाका साथ आफु सभापतिमा उम्मेद्वारी दावि गरेको उनले वताए ।

मेचीनगर-५ निवासी बुढाथोकी मेची कृषक बहुमुखी सहकारीका अध्यक्ष समेत हुन । राजनीतिक विश्लेषण गर्न सक्ने क्षमताका बुढाथोकी शैक्षिक अभियानमा पनि सामेल छन् । उनी ग्रीन भिजेज इङ्लिस बोर्डिङ स्कुल मेचीनगर-५ एकल सञ्चालक हुन् ।

मेचीनगरका १५ वटा वडामध्ये १, २, ३, ४, ५, ६, ७, ८, १० र १५ तथा भद्रपुरको ९ गरि दुईवटा पालिकाका ११ वटा वडाबाट निर्वाचित क्षेत्रिय प्रतिनिधिहरूले बुढाथोकीलाई मतदान गर्न पाउने छन् ।

# एनएमसी धुलाबारीको एकाईगत साधारणसभा

**झापा ।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)ले एकाईगत साधारणसभा धमाधम गरिरहेको छ । एकाईगत साधारणसभाबाट चुनिएका प्रतिनिधिले मात्र संस्थाको २९ औं साधारणसभामा भाग लिन पाइने धुलाबारी शाखाकी अध्यक्ष पवित्रा न्यौपानेले बताइन् ।

शाखाको बुधबार न्यौपानेको अध्यक्षतामा मेची उद्योग बाणिज्य संघको सभाहलमा एकाईगत साधारणसभा सम्पन्न भएको छ । सभाले शेयर सदस्य मध्ये तीन जनालाई साधारणसभामा भाग लिने गरी प्रतिनिधि चयन गरेको छ । मेचीनगर वडा नम्बर १० का अध्यक्ष सुदय पनेरुको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संस्थाका अध्यक्ष रामचन्द्र उप्रेतीले तयार गरेको संस्थाको प्रतिवेदन लेखा समिति सदस्य रचना दाहालले प्रस्तुत गरेकी थिइन् भने लेखा प्रतिवेदन इलाम क्षेत्रको क्षेत्रीय प्रमुख बासुदेव खतिवडाले



प्रस्तुत गरेका थिए ।

धुलाबारी शाखा प्रमुख रिता श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा इलाका प्रहरी कार्यालयका प्रमुख विकास राईले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । एनएमसीको कूल सम्पति रु. ११ अर्ब ८० करोड ५३ लाख ३८ हजार ७८५ रहेको प्रतिवेदनमा उल्लेख छ । रु. एक लाख पाँच हजार बढी शेयर सदस्य रहेको सहकारीको २९ औं साधारणसभाको प्रतिवेदनमा चुक्ता शेयर पुँजी रु. एक अर्ब ११ करोड ६० लाख छ हजार २०० रहको उल्लेख गरिएको छ । २८ बर्ष अघि काँकरभिट्टाबाट सुरु भएको सहकारीले ‘असल संस्कार र समृद्धिका लागि एनएमसी’ भन्ने मूल नारा तय गरेर भौतिक सम्पति र वासलातको मात्र विस्तार एवम् बृद्धि नगरेर अनेकौं असल अभ्यास, संस्कारयुक्त नेतृत्व तथा सक्षम जनशक्तिको विकास गरिरहेको जनाएको छ ।

एनएमसीले जिल्लामा मात्र नभएर छिमेकी जिल्ला मोरंग र इलाममा समेत कार्य क्षेत्र विस्तार गरेको छ । संस्थाले ४२ वटा भन्दा बढी शाखा कार्यालय स्थापना गरेर बैङकिङ सेवा प्रदान गर्दै आएको छ । संस्थाले बैङकिङ कारोवारसहित एनएमसी डेरी, चिया व्यवसाय, एकीकृत नमूना कृषि फार्म र एनएमसी सहकारी पसल सञ्चालन गर्दै आएको छ ।

हार्दिक बधाई सहित शुभकामना





प्याब्सन मेचीनगर समितिको हालै सम्पन्न दोस्रो अधिवेशनबाट यस विद्यालयका संस्थापक प्रिन्सिपल डम्बर रुचाल गरीमामय अध्यक्ष पदमा पुनः सर्वसम्मत चयन हुनुभएकोमा उहाँप्रति हार्दिक बधाईसहित समितिको उपाध्यक्ष विक्रम क्षेत्री, सचिव विनोद प्रधान, कोषाध्यक्ष कमल भेटवाल सदस्यहरु नेत्रप्रसाद खतिवडा, प्रतिक उराँउ, शान्तिनारो गजमेर, बिजय भट्टराई र कमल नेपाललाई कार्यकाल सफलताका लागि शुभ कामना व्यक्त गर्दछौं । यहाँहरुको कार्यकालमा शैक्षिक क्षेत्रले अझ उच्च शिखर टेक्न सकोस । शैक्षिकक्षेत्रको उन्नति र प्रगतिका लागि अध्यक्ष डम्बर रुचाल नेतृत्वको टिम सशक्तरुपमा अघि बढ्न सकोस भनि हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

THESIS ENGLISH SECONDARY SCHOOL
थेसिस इङ्लिस स्कूल प्रा.लि.
Estd. 2063
Mechinagar-3
Badakhal, Jhapa
"Well done is better than well said"

विनिता वराइली
संस्थापक अध्यक्ष

इन्द्र दाहाल
पीटीए अध्यक्ष

एवम्

थेसिस अंग्रेजी माध्यमिक बिद्यालय
मेचीनगर-३ वडाखाल (झापा)